चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः१७

मितिः २०८३/०३/९ गते बैठक प्रारम्भः १:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १७ औं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उप-प्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. का. वा. वडाध्यक्ष) | श्री नरेन्द्र भट्टराई | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१७

मितिः २०८३/०३/०९ गते                                                    बैठक प्रारम्भ: १ बजे

प्रस्तावहरू:

१. सोह्रौ कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।

३. आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

४. आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।

५. विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।

६. बेरुजू सम्परीक्षण सम्बन्धमा ।

७. घरभाडा सम्झौता सम्बन्धमा ।

८. अस्थायी, करार,ज्यालादारी कर्मचारी म्याद थप सम्बन्धमा ।

९. योजना / कार्यक्रम म्याद थप सम्बन्धमा ।

१०. विविध ।

क. बर्षादको कारण क्षति भएका सडक साथै खानेपानी मर्मत सम्बन्धमा ।

ख. नगरसभाको कार्यसूची सम्बन्धमा ।

ग. आन्तरिक आय ठेक्का सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१७

मितिः २०८३/०३/०९ गते बैठक प्रारम्भः १ बजे

**निर्णयहरूः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८३/०३/२ गते बसेको सोह्रौं कार्यपालिका बैठकको समीक्षा गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा पेश गरिएको आ व २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम आवश्यक छलफल तथा संसोधन एव परिमार्जन सहित स्वीकृत गरी २०८३।३।१० गतेको नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा आ.व. २०८३/०८४ को शाखा तथा वडाबाट प्राप्त बजेट तथा कार्यक्रम बिषयगत समितिउपर छलफल गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा प्राथमिकिकरण गरी मध्यमकालिन खर्च संरचना सहितको प्राप्त हुन आएको आ व २०८३।८४ को तपसिल बमोजिमको बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

| चैनपुर नगरपालिका | | | | |
|---|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय | | | | |
| आर्थिक वर्ष २०८३।०८४को लागि अनुमानित आय व्यय विवरण | | | | |
| सि. नं. | आय विवरण | रकम | व्यय विवरण | रकम |
| १ | संघीय समानिकरण अनुदान | १५०२००००० | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १४५०००००० |
| २ | संघीय शर्सत अनुदान चालु | ३०३३००००० | संघीय समपुरक योजना तथा कार्यक्रम | ५३५००००० |
| ३ | संघीय शर्सत अनुदान पूजीगत | २१५००००० | प्रदेश समपुरक योजना तथा कार्यक्रम | २०००००००० |
| ४ | संघीय समपुरक अनुदान | ३२१००००० | अन्य लागत साझेदारी कार्यक्रमहरु | १३०४१२४० |
| ५ | संघीय विशेष अनुदान | १३५००००० | लालीगुराँश पद मार्ग साझेदारी रु.४७९४२४० | - |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः१७

मितिः २०८३/०३/०९ गते बैठक प्रारम्भः १ बजे

| | | | | |
|---|---|---|---|---|
| ६ | संघीय राजश्व बाँडफाँड | ११०११९००० | चिस्यान केन्द्र साझेदारी रु.६०००००० | |
| ७ | प्रदेश समानिकरण अनुदान | १४३७५००० | रोजगार कार्यक्रम साझेदारी रु.४४७००० | |
| ८ | प्रदेश ससर्त अनुदान चालु | ४२४१००० | सडक वोर्ड साझेदारी रु.१५००००० | |
| ९ | प्रदेश ससर्त अनुदान पूजीगत | १३८९५००० | अपाङ्ग पूर्नस्थापना कार्यक्रम साझेदारी रु.३०००००. | |
| १० | प्रदेश समपुरक अनुदान | १२०००००० | चैनपुर बाह्रबीसे सडक सम्पन्न गर्न आवश्यक रकम | २१००१४८८ |
| ११ | प्रदेश राजश्वबाँडफाँड | १२१७२८७३ | शाखागत योजना तथा कार्यक्रम | ५६८५०००० |
| १२ | आन्तरिक राजश्व | २०००००००० | वडागत योजना तथा कार्यक्रम | ५४४००००० |
| १३ | अ ल्या २०८२।८३ मौज्दात | ३२८२५८५५ | नगर गौरव आयोजना तथा कार्यक्रम | २०००००००० |
| | रु ११८२४३६७ समपुरक +२१००१४८८ बाह्रविषे सडक | | संघीय शर्सत अनुदान योजना तथा कार्यक्रम | ३२४८००००० |
| | | | संघीय विषेश अनुदानका योजना तथा कार्यक्रम | १३५००००० |
| | | | प्रदेश ससर्त अनुदान योजना तथा कार्यक्रम | १८१३६००० |
| | जम्मा | ७४०२२८७२८ | | ७४०२२८७२८ |

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१७

मितिः २०८३/०३/०९ गते बैठक प्रारम्भः १ बजे

<u>निर्णय नं. ४.</u> प्रस्ताव नं. ४ उपर छलफल गर्दा आ व २०८३।८४ को लागि नगरपालिकाको आर्थिक विधेयक, २०८३ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५.</u> प्रस्ताव नं. ५ उपर छलफल गर्दा आ व २०८३।८४ को लागि नगरपालिकाको विनियोजन विधेयक २०८३ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६.</u> प्रस्ताव नं. ६ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको महालेखापरीक्षकबाट प्राप्त आ व २०८१।८२ को लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका असुल उपर गर्नुपर्ने बेरुजु असुलउपर गर्न सम्बन्धित सम्बन्धित व्यक्ति एवं संस्थालाइ पत्राचार गर्ने प्रमाण काजत नपुगेका बेरुजु रु १६७४०४० सम्बन्धमा प्रमाण काजत संकलन गरी प्रमाण पेश हुन आएको साथै अनियमित भनिएको बेरुजु रु १०५०३९८३ सम्बन्धमा फछ्यौंट लागि पेश हुन आएको हुँदा नियमित एवं फछ्यौंट का लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७.</u> प्रस्ताव नं. ७ उपर छलफल गर्दा आ व २०८२।८३ मा कार्यालयको कामको प्रयोजनको लागि भाडामा लिएका तपसिलका घरधनीहरुको घर संरचनाहरु आ व २०८३।८४ को मंसिर मसान्त सम्मको लागि संम्झौता गरी भाडामा लिने सम्बन्धमा आवश्यक निर्णयको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरीयो ।

तपसिल

- कमल बहादुर कार्की कार्की चैनपुर ६
- देउ कुमारी कार्की चैनपुर ६
- चेतनमणी गुरुङ चैनपुर १
- मुकुन्द श्रेष्ठ चैनुर ६
- विजयकुमार अधिकारी र पासाङ शेर्पा चैनपुर ३
- जानुका खड्का चैनपुर ११

अन्यको हकमा सम्झौता नगर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८.</u> प्रस्ताव नं. ८ उपर छलफल गर्दा आ व २०८२।८३ मा चैनपुर नगरपालिका वा अन्तर्गत अस्थायी, करार,ज्यालादारीमा, कार्यरत कर्मचारीहरु मध्ये आ व २०८३।८४ मा कुनै प्रकृयाबाट स्थायी पदपुर्ति भएमा करारको पदमा कार्यरतको हकमा स्वत अवकास हुने र अन्य कर्मचारीहरु (नगर शिक्षकहरु समेत) को हकमा असोज मसान्त सम्मको लागि सेवा निरन्तरता गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९.</u> प्रस्ताव नं. ९ उपर छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ एवं सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम आ व २०८२।८३ मा निर्ममाणाधिन योजनाहरु मध्यपुर्वमा



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१७

मिति: २०८३/०३/०९ गते बैठक प्रारम्भः १ बजे

देखिएको सिर्जित द्वन्दको कारण मुल्यबृद्धि साथै निर्माण सामग्रीको अभावका कारण समयमा नै सम्पन्न हुन नसकेको हुँदा निर्माण व्यवसायिको माग निवेदको समेतको आधारमा PG,APG, विमा, पेश्की सम्बन्धी जमानत कायम राखी /संलग्न गर्न लगाइ थप आर्थिक दायित्व नबढ्ने गरी तपसिल बमोजिमको समय थप गर्ने सम्मबन्धमा नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क स | योजनाको नाम | फर्मको नाम | म्याद थप गर्नुपर्ने समय | कै |
|---|---|---|---|---|
| १ | construction of ward-1 administrative building | सत्यसाई निर्माण सेवा | 7/30/2083 | |
| २ | construction of ward-7 administrative building | चैनपुर सिद्धकाली कन्सस्ट्रक्सन प्रा लि | 3/15/2083 | |
| ३ | पोखरी मैदाने देखि प्याङकोट सडक निर्माण | काका निर्माण सेवा | 7/30/2083 | |
| ४ | PROCUREMENT OF HDPE PIPES FOR DIFFERENT WARD OF CHAINPUR MUNICIPALITY | एल.वी.मल्टिप्रपोज प्रा.लि. | 7/30/2083 | |
| ५ | पशु अस्पताल माथि वाथरुम लगायतका निर्माण | डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स पाँचखपन-९ संखुवासभा | 7/30/2083 | |
| ६ | उर्गेन साङ्गाछ्योलिङ गुम्वा निर्माण | डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स पाँचखपन-९ संखुवासभा | 7/30/2083 | |
| ७ | खराङ्ग हात्तीसुडे पिलुवा दोभान सडक निर्माण | रिजन एण्ड रियाना कन्ट्रक्सन प्रा.लि. | 7/30/2083 | |
| ८ | १५ शैय्या अस्पताल निर्माण | स्वामीनारायण/विनायक जेभी | 12/30/2083 | |
| ९ | चैनपुर वडा नं.१० खराङ स्वास्थ्य चौकी निर्माण | साजिला कन्स्ट्रक्सन | 3/15/2083 | |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१७

मिति: २०८३/०३/०९ गते बैठक प्रारम्भ: १ बजे

| | | | | |
|---|---|---|---|---|
| १० | भण्डारीमोड, स्वास्थ्य चौकी, ९ न वडा कार्यालय, शारदा मा.वि त्रिशूले जाने सडक निर्माण । CM/NCB/W/०२/०८२/०८३ | चन्दाछा निर्माण सेवा पाचखपन ८ संखुवासभा | 7/30/2083 | |

निर्णय नं. १०. विविध

क. बर्षादको कारण क्षति भएका पोखेलगाँउ साउने मुलबाटो सिढी निर्माण चैनपुर ६ अधिकतम रु २४९४०३ नबढ्ने गरी, चैनपुर डाँगीगाँउ भञ्याङखर्क करंगे जिरोप्वाइन्ट स्थानमा सडक मर्मत अधिकतम रु ३५५०० मा नबढ्ने गरी, सेवक शाक्यको घरछेउ ढलान व्यवस्थापन चैनपुर ६ अधिकतम रु १३५४१६ मा नबढ्ने गरी साथै तल्लो भुल्के खानेपानी ट्याकीं चैनपुर ४ अधिकतम रु ९५००० नबढ्ने गरी मर्मत संभार गर्ने निर्णय गरियो ।

ख. मिति २०८३।३।१० गते हुने चैनपुर नगरपालिकाको १९ औ नगरसभाको कार्यसूची पास गर्ने निर्णय गरियो ।

ग. नदिजन्य पदार्थ बाहेक आ व २०८३।०८४ को लागि आन्तरिक आय ठेक्का विगतको मूल्यमा नै ठेक्का आह्वान गर्ने निर्णय गरीयो ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ४:३० बजे यही अन्त्य गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।